**एनएमबि बैंक लिमिटेडको**
**बाईसौं वार्षिक साधारण सभाको विवरण (माईन्यूट)**

**१. प्रारम्भिक :**

एनएमबि बैंक लिमिटेडको मिति २०७५/०४/०७ गते बसेको सञ्चालक समितिको ३६१ औं बैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३ को दफा ६७ (२) बमोजिम बोलाइएको बाईसौं वार्षिक साधारण सभा बैंकको सञ्चालक समितिका अध्यक्ष श्री पवन कुमार गोल्याणको सभापतित्वमा निम्न उल्लेखित मिति, स्थान र समयमा बसी देहायका बिषयहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय भयो ।

**साधारण सभा बसेको मिति, स्थान र समयः**

मिति : २०७५ साल श्रावण महिना ३१ गते, बिहीवार (तदनुसार अगष्ट १६, २०१८)

स्थान : नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान (स्टाफ कलेज), जावलाखेल, ललितपुर ।

समय : दिनको २:३० बजे

**२. उपस्थितिः**

**(अ) सञ्चालकहरूः**

| | | |
|---|---|---|
| (१) | श्री पवन कुमार गोल्याण | अध्यक्ष |
| (२) | श्री नन्द किशोर राठी | बैकल्पिक सञ्चालक |
| (३) | श्री राजेन्द्र काफ्ले | सञ्चालक |
| (४) | श्री हरिश्चन्द्र सुवेदी | सञ्चालक |
| (५) | श्री हरिबाबु न्यौपाने | सञ्चालक |
| (६) | श्री प्रदीप राज पाण्डे | स्वतन्त्र सञ्चालक |

**(आ) आमन्त्रित प्रतिनिधिहरूः**

| | | |
|---|---|---|
| (१) | श्री मदन नारायण मल्लिक | प्रतिनिधि, कम्पनी रजिष्ट्रारको कार्यालय |
| (२) | श्री दशरथ कुमार लामिछाने | प्रतिनिधि, कर्मचारी सञ्चय कोष |
| (३) | श्री साकार कोइराला | प्रतिनिधि, टि.आर.उपाध्या एण्ड कं. (लेखापरीक्षक) |
| (४) | श्री मदन कुमार डंगोल | प्रतिनिधि, कानूनी सल्लाहकार |
| (५) | श्री ईरिना जुब | प्रतिनिधि, एफएमओ, नेदरल्याण्ड |
| (६) | श्री टि पुराहरन सि पि रामकृष्णन | प्रतिनिधि, योंग लियन रियाल्टी, मलेशिया |

**(इ) पदाधिकारीहरूः**

| | | |
|---|---|---|
| (१) | श्री सुनिल के.सी. | प्रमुख कार्यकारी अधिकृत |
| (२) | श्री प्रदीप प्रधान | चिफ अपरेटिङ्ग अफिसर |
| (३) | श्री सवनम लिम्बु जोशी | चिफ एचआर तथा विजनेस सपोर्ट अफिसर |
| (४) | श्री शरद तेगी तुलाधर | चिफ रिक्स अफिसर |
| (५) | श्री प्रमोद कुमार दाहाल | चिफ लिगल, कम्प्लायन्स एण्ड एएमएल अफिसर तथा कम्पनी सचिव |
| (६) | श्री गोविन्द घिमिरे | चिफ विजनेस अफिसर |
| (७) | श्री सुदेश उपाध्याय | चिफ विजनेस अफिसर |
| (८) | श्री नविन मानन्धर | चिफ विजनेस अफिसर |
| (९) | श्री रोशन रेग्मी | प्रमुख, अपरेशन |

NMB BANK LIMITED
एनएमबि बैंक लिमिटेड

(ई) **शेयरधनीहरू:**

| विवरण | संस्थापक | सर्वसाधारण | जम्मा |
|---|---|---|---|
| स्वयं तथा प्रतिनिधि मार्फत जम्मा उपस्थित शेयरधनी संख्या | १३३ | ८३७ | ९७० |

## ३. सभाको सभापतित्व तथा वैधानिकता :

वार्षिक साधारण सभा सञ्चालनको लागि कम्पनी ऐन, २०६३ मा भएको व्यवस्था अनुसार बैंकको सञ्चालक समितिका अध्यक्ष श्री पवन कुमार गोल्याणलाई सभाको सभापतित्व ग्रहण गर्न अनुरोध गरिए अनुरूप उहाँले सभाको सभापतित्व गर्नुभयो । यस बैंकको बाईसौं वार्षिक साधारण सभा शुरू हुनु अगावै कम्पनी ऐन, २०६३ को दफा ६९ मा भएको व्यवस्था अनुसार उपस्थित शेयरधनीहरूले सभाको वैधानिकता बारे यकिन गर्ने सम्बन्धमा सभाको सभापतिज्यूको आज्ञाले कम्पनी सचिव श्री प्रमोद कुमार दाहालले देहायका विवरणहरू प्रस्तुत गर्नुभयो ।

### (क) साधारण सभाको बारेमा सार्वजनिक सूचना:

यस बैंकको बाईसौं वार्षिक साधारण सभा हुने मिति, स्थान, समय र छलफल हुने विषयको सूचना तथा आ.व. २०७३/०७४ को वार्षिक प्रतिवेदन एवं वित्तीय विवरणहरु समेत कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम शेयरधनीहरूको जानकारीकालागि निजहरूले यस बैंकलाई उपलब्ध गराउनु भएको ठेगानामा पठाईएको तथा सो बारेको सूचना राष्ट्रिय दैनिक पत्रिका कारोवार र अन्नपुर्ण पोस्टमा क्रमशः मिति २०७५/०४/१० र २०७५/०४/२३ गरी दुई पटक प्रकाशित गरिएको थियो । साथै, वार्षिक प्रतिवेदन प्राप्त हुन नसकेका शेयरधनीहरूले उक्त प्रतिवेदन बैंकको वेबसाइट www.nmb.com.np बाट पनि हेर्न सकिने ब्यहोरा साधारण सभासम्बन्धी सार्वजनिक सूचना मार्फत जानकारी गराईएको थियो ।

### (ख) गणपूरक संख्या:

१. यस साधारण सभा प्रयोजनकोलागि बैंकको शेयरधनी दर्ता पुस्तिका तथा शेयर दाखिल खारेजीको कार्य बन्द भएको मिति २०७५/०४/१७ मा कायम शेयरधनीहरूले लिएको शेयरको विवरण यस प्रकार रहेको थियो ।

| विवरण | | संस्थापक | सर्वसाधारण | जम्मा |
|---|---|---|---|---|
| कूल संख्या | शेयरधनीहरू | ४३५ | ११२,११४ | ११२,५४९ |
| | शेयर | ३,८७,७६,७८१.९४ | ३,७२,५६,१२४.४० | ७,६०,३२,९०६.३४ |

कम्पनी ऐन, २०६३ को दफा ७३ बमोजिम सभा सञ्चालनकोलागि आवश्यक गणपूरक संख्या (बैंकका शेयरधनीहरूको स्वयं वा प्रतिनिधि मार्फत भएको उपस्थिति एवं उपस्थित शेयरधनीहरूले ग्रहण गरेको शेयरहरूको संख्या) देहाय बमोजिम रहेको थियो ।

| उपस्थित विवरण | | संस्थापक | सर्वसाधारण | जम्मा |
|---|---|---|---|---|
| स्वयं तथा प्रतिनिधि मार्फत उपस्थित संख्या | शेयर धनी संख्या | १३३ | ८३७ | ९७० |
| | शेयर | ३,५२,०५,३९६ | ८६,४४,०३२ | ४,३८,४९,४२८ |



NMB BANK LIMITED

| | | | | |
|---|---|---|---|---|
| उपस्थितिबाट प्रतिनिधित्व भएको प्रतिशत | शेयर | १०.७९ | २३.२० | ५७.६७ |

२. यसरी कम्पनी ऐन, २०६३ मा भएको व्यवस्था बमोजिम प्रकाशित गरिएको सूचनामा उल्लेखित छलफलका विषयहरू उपर छलफल गर्न आज मिति २०७५/०४/३१ मा स्वयं तथा प्रोक्सी मार्फत जम्मा ९७० जना शेयरधनीहरूबाट यस बैंकको बाँडफाँड भएको कूल शेयर संख्याको ५७.६७ प्रतिशत प्रतिनिधित्व भएको हुँदा साधारण सभा वैधानिक भएको सभालाई जानकारी गराउनु भयो ।

४. **छलफलका विषयहरू :**

(क) **सामान्य प्रस्ताव :**

१. बाईसौं वार्षिक साधारण सभामा सञ्चालक समितिबाट प्रस्तुत प्रतिवेदन पारित गर्ने,

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. ०७३/०७४ को वासलात, नाफा-नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाहको विवरण पारित गर्ने (सहायक कम्पनीहरु समेतको एकिकृत विवरण),

३. कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा ६३ अनुसार आ.ब. ०७४/०७५ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने,

४. सञ्चालक समितिबाट पारित भए बमोजिम वोनस शेयरको कर प्रयोजनका लागि चुक्ता पूँजीको ०.७८९५ (शुन्य दशमलव सात आठ नौ पांच प्रतिशत) का दरले हुन आउने रकम रु.६,००,२५,९७९/- नगद लाभांश वितरणको प्रस्ताव स्वीकृत गर्ने ।

(ख) **विशेष प्रस्ताव :**

१. बैंकको वर्तमान जारी पुँजी रु.७,६०,३२,९०,६३४।०६ (अक्षेरेपि रु. सात अरब साठ्ठी करोड बत्तीस लाख नब्बे हजार छ सय चौंतीस र पैसा छ मात्र) बाट बृद्धि गरी रु.८,७४,३७,८४,२२९।१७ (अक्षेरेपि रु. आठ अरब चौहत्तर करोड सैंतीस लाख चौरासी हजार दुई सय उनन्तीस र पैसा सत्र मात्र) पुऱ्याउन स्वीकृति प्रदान गर्ने,

२. बैंकको जारी पुँजी बृद्धि गरिने भएकाले सो बराबर चुक्ता पुँजी पुऱ्याउन वर्तमान चुक्ता पुँजीको १५ प्रतिशतको दरले हुन आउने रकम रु. १,१४,०४,९३,५९५/- बराबरको वोनस शेयर जारी गर्न स्वीकृति गर्ने । वोनस शेयर जारी भए पश्चात बैंकको जारी पुँजी तथा चुक्ता पुँजी बृद्धि हुने भएकोले सोही बमोजिम बैंकको प्रबन्धपत्रको दफा ६ (ख र ग) संशोधन गर्ने,

३. बैंकको प्रवन्धपत्रको दफा ५ को "कक" को ४ पछि ५ थप गरि अन्य कम्पनीहरुको धितोपत्र खरिदको लागि आफ्ना ग्राहकबाट दरखास्त संकलन लगायत सो सम्बन्धमा गर्नु पर्ने सम्पूर्ण कार्य गर्ने व्यवस्था गर्ने,

४. बैंकको नियमावलीको नियम १३, २७ (उप नियम २), २९ र ३२ (उप नियम १ को ख १, ग र घ) मा संशोधन गर्ने ।

५. अन्य बैंक तथा वित्तीय संस्थालाई प्राप्ति (एक्विजिसन) गर्न तथा अन्य बैंक तथा वित्तीय संस्थाहरुसंग मर्जर प्रकृया अगाडि बढाउने अख्तियारी संचालक समितिलाई प्रदान गर्ने । साथै, सोका लागि सम्पत्ति तथा दायित्वको मुल्यांकन गर्नका लागि मुल्यांकनकर्ता नियूक्त गर्ने, स्वाप रेसियो निर्धारण गर्ने, सोका लागि बैंकको प्रबन्धपत्र तथा नियमावलीमा कुनै संशोधन आवश्यक भएमा सो गरि सोको अभिलेख गराउने लगायत सम्पूर्ण कार्य गर्ने अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने ।



NMB BANK LIMITED
एनएमबि बैंक लिमिटेड

६. बैंकको प्रबन्धपत्र तथा नियमावलीमा भएको संशोधनको स्वीकृति लिंदा वा अभिलेख गर्दा गराउंदा केही सामान्य हेरफेर गर्न, संशोधन सम्बन्धी कागजात प्रमाणित गर्न, दाखिला गर्न र अभिलेख गराई लिन तथा प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन बमोजिम बैंकको प्रबन्धपत्र तथा नियमावलीमा भाषागत तथा अन्य सुधार गरी अभिलेख गर्नका लागि समेत सञ्चालक समितिलाई अख्तियारी दिने,

(ग) **विविध ।**

## ५. सभाको शुभारम्भ :

वार्षिक साधारण सभा सञ्चालनका लागि वैधानिक आवश्यकता पूरा भएकाले कम्पनी ऐन, २०६३ मा भएको व्यवस्था अनुसार बैंकको सञ्चालक समितिका अध्यक्ष तथा सभाका सभापति श्री पवन कुमार गोल्याणद्वारा पानसमा दीप प्रज्वलन गरि सभाको शुभारम्भ भयो । सभापति महोदयले उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरूलाई अभिवादन तथा स्वागत गर्दै सभाको कार्यक्रम अघि बढाउनु भयो ।

## ६. वार्षिक प्रतिवेदनको प्रस्तुतिः

सभाको काम कारवाही शुरू गर्ने क्रममा सञ्चालक समितिका अध्यक्ष तथा सभाका सभापतिले आफ्नो मन्तब्य राख्दै सञ्चालक समितिको तर्फबाट सञ्चालक समितिको प्रतिवेदन प्रस्तुत गर्नुभयो । त्यसपछि, पुर्व निर्धारित छलफलका विषय सुची अनुसारका बुँदाहरु लगायत लेखापरीक्षकको प्रतिवेदन, आ.व. ०७३/०७४ को वासलात, नाफा-नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाहको विवरण सहितको वार्षिक प्रतिवेदन (सहायक कम्पनीहरु समेतको एकिकृत विवरण) तथा आ.व. २०७४/०७५ को संक्षिप्त प्रगति विवरण प्रस्तुत गर्दै साधारण सभा समक्ष आवश्यक छलफल गरी पारित गर्नकालागि अनुरोध गर्नुभयो ।

## ७. छलफलको लागि आह्वान :

साधारण सभामा निर्धारित प्रस्तावहरूको बिषय-सूची उपर छलफल गर्न सक्ने ब्यवस्था कम्पनी ऐनमा भए अनुरूप सभामा प्रस्तुत सञ्चालक समितिको प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायत सुचनामा प्रकाशित भए बमोजिमका छलफलका विषयहरु उपर आ-आफ्नो मन्तब्य, बिचार, जिज्ञासा तथा सुझावहरू राख्न चाहाने शेयरधनी महानुभावहरूलाई सहभागी हुन सभापतिबाट अनुरोध भयो ।

## ८. छलफलमा सहभागी हुने शेयरधनीहरू :

देहायका शेयरधनी महानुभावहरूले छलफलमा सहभागि भई आफ्नो विचार तथा मन्तव्य राख्नु भएको थियो ।

| | | | | | |
|---|---|---|---|---|---|
| १. | श्री अमृतनाथ रेग्मी | ६. | श्री कृष्ण कश्यप | ११. | श्री रोज कुमार श्रेष्ठ |
| २. | श्री व्यास कुमार शर्मा | ७. | श्री चन्द्र नारायण श्रेष्ठ | १२. | श्री इन्द्रकृष्ण श्रेष्ठ |
| ३. | श्री डमरु बल्लभ घिमिरे | ८. | श्री शिव प्रसाद शर्मा | १३. | श्री योगेन्द्र बहादुर थापा |
| ४. | श्री मेजर कुवेर श्रेष्ठ | ९. | श्री दिवाकर खड्का | १४. | श्री नरसिहं लाल चंखु |
| ५. | श्री शिव प्रसाद पौडेल | १०. | श्री उद्दव प्रसाद घिमिरे | | |

९. **शेयरधनीहरूबाट व्यक्त गरिएका मन्तव्य तथा सुझावहरूको संक्षिप्त विवरण :**

१) **श्री अमृतनाथ रेग्मी** : उहाँले अध्यक्षको प्रतिवेदनमा बैंकको भिजन हुनुपर्नेमा सो नभएकाले बैंकले २२ वर्ष पुग्दा पनि प्रतिवेदन तयार गर्न नजानेकोमा सभाको ध्यानाकर्षण गराउँदै समान समूह (pears group) मा हामी कहाँ छौ ? भनि सभाका अध्यक्षसंग जानकारी माग गर्नुभयो । उहाँले टर्म लेण्डिङ्ग बढाउनु पर्ने, फ्रि फण्ड बढाउने तर्फ ध्यान दिनुपर्ने, संचालक समितिले पोलिसी मार्फत भिजन मात्र दिने भएकोले व्यवस्थापनमा हस्तक्षेप गर्न नहुने, ओभरहेड खर्चको प्रतिशतलाई कम गर्दै लानुपर्ने, बेस रेट घटाउन पहल गर्नुपर्ने, EPS बढाउनु पर्ने तथा मुनाफा बृद्धिमा ध्यान दिनु पर्ने लगायतका महत्वपूर्ण सूझावहरु संचालक समिति तथा व्यवस्थापनलाई दिनुभयो । साथै, उहाँले एफएमओ बैंकको संस्थापक समेत भएकोले उक्त संस्थासंग कर्जा लिन मिल्ने/नमिल्ने बताई दिन अनुरोध समेत गर्नुभयो ।

२) **श्री व्यास कुमार शर्मा** : उहाँले अर्को आर्थिक वर्षको मसान्त पछि साधारण सभा भएकोले बार्षिक प्रतिवेदनको समिक्षा गर्नुको खासै अर्थ नरहेको भन्दै पूर्व कार्यकारी अधिकृत श्री उपेन्द्र पौडेलले छाडेपछि बैंक कसरी अगाडी बढ्ला भन्ने चिन्ता लागेको थियो तर वित्तीय विवरण हेर्दा हालका प्रमुख कार्यकारी अधिकृतले बैंकलाई राम्रैसंग लिएर जानेमा विश्वस्त छु भन्नुभयो । उहाँले Reserve and Surplus बढेकोमा धन्यावाद दिनु भयो । साथै, Growth पनि राम्रै छ, हरेक आम्दानीको शिर्षकमा बृद्धि भएकोछ भन्दै Operating Expenses बढेकोमा ध्यान दिन आग्रह गर्नुभयो । उहाँले शेयरधनीहरुलाई उचित मुनाफा वितरण नभएको गुनासो गर्दै एफएमओको हकमा थप शेयर जारी भएको यतिका समय भई सकेकोमा बल्ल आएर मानव संशाधन विकासमा सहयोग गर्न तत्परता देखाएको, मलेसियाको प्रतिनिधि कार्यालयबाट भएको लाभ तथा प्रगति प्रतिवेदनमा नखुलाएको, आयकर दायित्व फछ्र्यौटको लागि कर फछ्र्यौट आयोगमा जान बैंकले समयमा ध्यान नदिएको, एनपिए तथा कुल संचालन खर्च कारोबारको तुलनामा बढेकोले बैंकले सो तर्फ ध्यान दिनु पर्ने सुझाव समेत दिनु भयो ।

३) **श्री डमरु बल्लभ घिमिरे** : उहाँले ढिलो भएपनि साधारण सभा सम्पन्न गरेको र १५ प्रतिशत वोनस शेयर दिएकोमा धन्यवाद दिदै प्रतिवेदन सुधारात्मक रहेको धारणा राख्नुभयो । उहाँले पुरानो प्रतिवेदनमा समिक्षा गर्नु सान्दर्भिक नहुने भन्दै १९औं वार्षिक साधारण सभामा एफएमओ आएपछि कायापलट हुने सपना देखाएको तर वोर्डमा नाम बाहेक केहि देखिएन, हात्ती पालेको जस्तो भयो भन्नुभयो । साथै, उहाँले संचालक समितिहरुलाई भत्ता दिँदा प्रस्तावमा स्पष्ट आउनु पर्नेमा ढोकाबाट प्रवेश नगरि झ्यालबाट छिरेको । संचालक समितिको एजेन्डामा नआएको कुरा पास हुँदैन भन्नु भयो । उहाँले ५/७ महिना अघि Bank of the Year पाएको प्रचार प्रसार गरेको, सो पछि राष्ट्र बैंकले विज्ञप्ती नै प्रकाशित गरेर यस्ता पुरस्कार लिन बैंकहरुलाई रोकेकाले अन्य कुराहरु बजारमा आएका छन के हो ? भनि प्रश्न गर्दै रजिष्टर्ड भएको जिल्लामा मात्र साधरण सभा गर्नु पर्नेमा अन्य जिल्लामा गरेको, हल सानो भएकाले मान्छे उभिएर बसेको गुनासो गर्नुभयो ।

४) **श्री मेजर कुवेर श्रेष्ठः** उहाँले २२ वर्ष पुगेको बैंकले १५ प्रतिशत मात्र बोनस शेयर किन दिएको ? साधारण सभा भनेको रमाइलो वातावरणमा हुनुपर्ने, हाम्रो कुरा तपाईहरु (संचालकहरु) ले सुन्ने तपाईको कुरा हामिले सुन्ने हो भन्दै अर्को सालबाट पनि जावलाखेलमा साधरण सभा गर्ने हो भने यातायातको व्यवस्था गर्नुपर्ने माग गर्नुभयो । उहाँले हरेक शिर्षकमा कमाई बृद्धि भएको भन्दै कर्मचारी तथा कार्य संचालन खर्च कमिसन आदि शिर्षकबाट कमाई पुऱ्याउनु पर्ने, Net Interest Income शेयरधनीहरुलाई वितरण हुनुपर्ने धारणा राख्नु भयो । उहाँले विदेशी बैंकहरुबाट ह्याकिङ्ग गरी पैसा लगेको उदाहरण दिदै त्यस तर्फ सचेत रहन आग्रह गर्नुभयो । साथै, उहाँले मुख्य कार्यालय र मुख्य शाखाहरुमा Senior Citizen Counter राख्न, बैंकको ५ वर्षको भिजन दिन अनुरोध गर्दै राम्रो कर्मचारीलाई पुरष्कृत गर्नु पर्ने, सामाजिक उत्तरदायित्व अन्तर्गत गर्ने खर्च शिक्षा, स्वास्थ्य, खेलकुद गरी छुट्याउनु पर्ने सुझाव दिनुभयो ।

५) **श्री शिव प्रसाद पौडेल** : उहाँले पुँजी योजनाले साधरण सभा ढिलो भएको हामिले बुझेका छौं । अर्को बर्ष साधारण सभा समयमा नै होस । IFC Loan डलर वा भारतीय रुपैया के मा लिएको हो ? डलरको भाउ बढेमा



NMB BANK LIMITED

घाटा हुन सक्छ विचार गर्नुपर्छ भन्दै Bank of the Year रकम खर्च गरेर आएको भन्ने हल्ला छ, के हो ? ४२७ करोडको रिजर्भमा छ, अर्को बर्ष कति प्रतिफल दिने योजना छ ? नगद कति दिने र बोनस शेयर कति दिने भन्नु पऱ्यो भनि प्रश्न गर्नुभयो ? साथै, उहाँले भत्ताको प्रस्तावमा विमति छ भन्दै, १०४ नं. पेजमा संचालकलाई पत्रपत्रिका, टेलिफोन खर्च ८ हजारबाट बढाई १५ हजार प्रस्ताव गरिएको छ, कहाँको पत्रिका पढ्नु हुन्छ ? भन्ने प्रश्न समेत गर्नुभयो ।

६) **श्री कृष्ण कश्यप** : उहाँले संचालक समितिको बैठक कति पटक बसेको छ ? जोखिम व्यवस्थापन समितिको बैंठक २७ पटक बसेको छ, लेखा समिति १७ पटक बसेको छ सो बढी भयो । संचालक समितिको बैंठक भन्दा बढी अन्य समितिको बैठक बस्नु भएन । राष्ट्र बैंकलाई दिएको जवाफ प्रतिवेदनमा छाप्नु पर्नेमा नछापेको । शेयरधनीहरुसंग प्रत्येक ६ महिनामा छलफल नगर्दा शेयरधनीलाई उपेक्षा भएको छ भन्ने लगायतका आफ्नो धारणा राख्दै संचालक समितिको भत्ता बढाउने प्रस्तावमा विचार गर्न अनुरोध गर्नुभयो ।

७) **श्री चन्द नारायण श्रेष्ठ** : उहाँले १५ प्रतिशत बोनस शेयर दिएकोमा धन्यावाद दिदै संचित मुनाफामा १ अर्ब छ, सोबाट १२ प्रतिशत नगद लाभांश दिन पुग्ने थियो, दिएको भए रामो हुने थियो भन्दै प्रिमियममा रु. ४ अर्ब रहेको छ सोबाट बैंक अफ मजवुद भएको छ । यस अर्थमा हामी शेयरधनीहरु हर्षित भएका छौं भन्दै यसका लागि संचालक समित तथा व्यवस्थापनलाई धन्यवाद दिनु भयो । उहाँले मर्जर तथा एक्यूजिसनको कुरा आएको छ भन्न मिल्ने भए कुन संस्था हो भन्न अनुरोध गर्नुभयो । साथै उहाँले क्लियरिङ हाउसको शेयरमा भएको लगानी गत बर्ष भन्दा १ हजारले घटेको देखिन्छ, भुलसुधार गर्न अनुरोध गर्दछु भन्दै NFRS जस्तै Accrual System हामीकहाँ पहिले नै थियो यसबाट कर दायित्व मात्र बढने भयो, यो झन वैज्ञानिक भएन भन्नु भयो ।

८) **श्री शिव प्रसाद शर्मा** : उहाँले आफुले लगानी गरेकोमा कति प्रतिफल पाउने भनि ध्यान दिई बस्नु भएकोमा सबै शेयरधनीलाई तथा १५ प्रतिशत वोनस शेयर दिएकोमा संचालक समिति तथा व्यवस्थापनलाई धन्यवाद दिनु भयो । उहाँले अबको अवस्थामा बैंक कुन रुपमा जाने हो ? भन्दै जुन क्षेत्रबाट जति आम्दानी गर्न हुन्छ त्यसलाई अन्य क्षेत्रमा खर्च गर्नुभएन, निष्कृय कर्जा १.६८ छ यसलाई १ भन्दा माथि लानु भएन, शाखाको कर्मचारी माथि निगरानी गर्नु पर्छ, धितो लिंदा लिलामबाट उठन सक्ने मात्र मुल्यांकन हुनु पर्दछ भन्ने सुझाव दिदै अर्को साल कुन रुपमा लाभांस दिन सक्नु हुन्छ, त्यसमा ध्यान दिनुपर्छ । निक्षेप बढे अनुसार के मा लगानी गर्ने विचार गर्नु पर्दछ भन्नुभयो ।

९) **श्री दिवाकर खड्का** : उहाँले यसपालिको समेत बैंकको आर्थिक विवरण प्रकाशित भई सकेकोले गत वर्षको प्रतिवेदनको मुल्यांकन गर्नु ठिक छैन । हामी यस पटक कमर्सियल बैंकहरुमा १२ नं. मा परेका छौं । मर्जर पछि २ बर्षको कर छुट हुनुपर्ने, छुट भएको रहेनछ सो तर्फ विचार गर्नु पर्‍यो । शेयरधनीहरुले बुझ्न बाँकी लाभांस शेयरधनीहरुले बुझिलिने व्यवस्था गर्नुपर्ने । यसपालि प्रकाशित व्यालेन्स सिटमा ईपिएस गडवड गरि रु. २४ देखाइएको छ सुधार गर्नुपर्छ भन्ने लगायतका धारणाहरु राख्नुभयो ।

१०) **श्री उद्धव प्रसाद घिमिरे** : उहाँले एफपिओ पछि साधारण सभामा शेयरधनीहरुको ठुलो उपस्थित भएकोमा धन्यवाद दिँदै आगामी साधारण सभा जति सक्दो चाँडो गर्नु पर्ने धारणा राख्नुभयो । साथै, उहाँले आईएफसिसंग डलरमा ऋण लिएको भनिएको छ उक्त कर्जाको वार्षिक व्याजदर कति हो ? अन्य संस्थासंग पनि कर्जा लिनका लागि नेपाल राष्ट्र बैंकमा निवेदन दिएको भनिएको छ सोको पनि जानकारी दिन अनुरोध गर्नुभयो । उहाँले बैंकको रेटिङ भएको छ , छैन ? Bank of the Year लिनको लागि कति धनराशि खर्च भएको छ ? Bank of the Award के हो ? त्यसको Certification ले के जनाउँछ ? बैंकको Silver Jubilee को तयारी के छ ? लगायतका विषयहरुमा जानकारी माग गर्दै बैंकको Silver Jubilee मा शेयरधनीहरुलाई पनि सहभागि गराउन माग गर्नु भयो । उहाँले प्रस्तावित भत्ताहरु बढाउन यसपालि भएन अर्को साल बढी नाफा

दिनुस् अनि बढाउनुहोस । ड्यासमा संचालकहरुको नाम पनि लेखेको भए संचालक चिन्न सजिलो हुने थियो लगायतका सुझावहरु दिनु भयो ।

११) **श्री रोज कुमार श्रेष्ठ :** उहाँले २२ बर्ष पुगेको बैंकले गरी रहेको प्रगती हामीले अनुभव गरेका छौ । १/२ वटा गर्नुपर्ने काम छुटेको छ । अनुसूची ४.१२ मा सूचीकृत भएको र नभएको छ्यासमिस भएको छ । सबैं सूचीकृत नभएको संस्थामा भएको लगानीलाई व्यबस्था गर्नु पर्नेमा नगरेको, नेपाल स्टकमा भएको लगानीको व्यबस्था नगरे पनि हुनेमा गरेको, राष्ट्रिय वीमा संस्थानको नाम परिर्वतन भई सकेको भए पनि पुरानै नाम लेखिएको, नेपाल राष्ट्र बैंकलाई लेखिएको जवाफ प्रतिवेदनमा छापेको देखिएन, सिईओको नाम प्रतिवेदनमा नभएको, सरकारले एक नागरिक एक खाता भनेको छ तर एक घर एक खाता भनि सरकारलाई अबमुल्यन गरेको लगायतका धारणाहरु राख्नुभयो । साथै उहाँले ६ महिना चेक नकाटेमा Account Dormant राख्नु भएन बचत खातामा एक पटक रकम राखेपछि लामो समय रकम झिक्ने नराख्ने पनि हुनसक्छ । यो व्यवस्था विनिमय अधिकारपत्र ऐन समेतको विपरित रहेको छ । बैंकले सफलता प्राप्त गरेको तर सुशासन नभएको धारणा समेत राख्नुभयो ।

१२) **श्री ईन्द्रकृष्ण श्रेष्ठ :** उहाँले आ.ब. ०७३/०७४ मा दिएको प्रतिफलले आम्दानी बृद्धि देखिएको भन्दै सोका लागि धन्यवाद दिनुभयो । उहाँले आर्मि अफिसर्स क्लवले बैंक वित्तीय संस्थालाई हल दिनै छाडेकोले सो तर्फ सेयरधनीहरुले विचार गर्नुपर्ने धारणा राख्नु भयो । उहाँले संचालकहरुले १५ हजारको कुन पत्रपत्रिका पढनु हुन्छ ? भन्ने प्रश्न गर्दै त्यस्तो शिर्षक राख्नु उपयूक्त नभएको, साधारण सभामा ठुलो साइनबोर्ड राखेर गरेको खर्चबाट शेयरधनीलाई नैं मर्का पर्ने हो । ठुलो साईनबोर्डको सट्टामा सानो राख्दा पनि हुने थियो । लगानीकर्त्ताले बुझ्न बाँकी लाभांशको रकम कम्पनी रजिष्ट्रारको कार्यालयमा रहेको कोषमा पठाई सकेको रहेछ, सोभन्दा अघि मिडियामा एक पटक मात्र सूचना प्रकाशित भएको छ । अन्य माध्यमबाट समेत प्रचार गरेको भए राम्रो हुने थियो भन्ने धारणा राख्दै कमलादीको जग्गा अन्य बैंकबाट लिलामी सकार गरेको तर मुद्दा परेको उल्लेख छ किन त्यस्तो भयो ? खुलाउनु होस भन्नु भयो । साथै, उहाँले मनोरञ्जन खर्च बढी देखिन्छ, सर्वसाधारण शेयरधनीको रकमले त्यसरी खर्च गर्नु भएन भन्दै एफएमओसंग लिएको ऋणको प्रयोजन खुलाउन अनुरोध गर्नुभयो ।

१३) **श्री योगेन्द्र बहादुर थापा :** उहाँले विराटनगरबाट साधारण सभाको सूचना पाएर यहाँहरुको कुरा सुन्न आएको छु । लगानी गर्नेले प्रतिफल कति पाउँछ भनि हेर्नु पर्नेमा सानातिना खर्चको कुरा उठेको छ यसबाट काम गर्ने व्यक्तिलाई अफठ्यारो पर्छ भन्ने धारणा राख्दै साधारण सभामा विद्वत वर्गबाट असाध्यै राम्रो सुझाव आएको छ सोका लागि धन्यवाद भन्नुभयो । उहाँले खानेकुराको कुरा उठेको छ, सभा बस्ने समयमा खाना खान आउने जाने राम्रो होइन् यसले सभालाई डिस्टर्ब गरेको भान मलाई भैरहेको छ । समयमा खाना खाएर हलमा आउनु पऱ्यो र साधारण सभा शुरु भए पछि खाना बन्द गर्नु पऱ्यो । साधारण सभामा १५ प्रतिशत मात्र वोनस शेयर को कुरा उठेको छ । नगद लाभांस पनि पाएको भए शेयरधनीहरुको अनुहार हँसिलो हुने थियो । तर नेपाल राष्ट्र बैंकको निर्देशन र कानून बमोजिम प्रस्ताव भएकाले होला भन्दै हामीले संचालक समितिका अध्यक्ष राम्रो पाएका छौं, विदेशीहरुको पनि साथ पाएका छौं भन्नुभयो । उहाँले औला ठड्याउँदा ठिक ढगंले ठड्याउँनु पर्छ । कतिपय साथीहरुले डाटा समेत नहेरी बोलेको पाइयो । भविश्यमा थप सुधार हुने अपेक्षा गर्दछु भन्नुभयो ।

१४. **श्री नरसिहं लाल चंखु :** उहाँले व्यालेन्स सिट पोजेटिभ छ । यसले आगामी बर्ष पनि निरन्तरता पाओस् भन्दै NPL र NBA मा सुधार गर्नु पर्छ, सम्पत्तीमा पनि केही उठाउन बाकीं देखिन्छ सो तर्फ पहल गर्नु पर्छ, अन्य शिर्षकहरुमा पनी थप सुधार आबश्यक छ । शाखाहरुको Activities राम्रो छ । सबै शाखाहरु Profit तर्फ जानु आबश्यक छ भन्ने धारणा राख्दै संचालक समितिका सदस्यहरुले नियमनका कुराहरुको जानकारी राख्नु पर्छ भन्नुभयो । उहाँले बैंकलाई बजारको राम्रो पहिचान छ भन्दै प्रति कर्मचारी प्रोफिट्याविलिटिमा ध्यान दिन सुझाव दिनुभयो ।

NMB BANK LIMITED
एनएमबि बैंक लिमिटेड

१०. **शेयरधनीहरूको मन्तव्य र जिज्ञासा उपर सञ्चालक समितिका तर्फबाट प्रतिक्रिया तथा नीतिगत जवाफ :**

संचालक समितिका अध्यक्ष तथा सभाका सभापतिले शेयरधनीहरूबाट आएको जिज्ञासाहरूका सम्बन्धमा दिनु भएको जवाफ :

शेयरधनीहरुबाट उठेका प्रश्न तथा गुनासाहरुका सम्बन्धमा जवाफ दिदै बैंकका अध्यक्ष तथा सभाका सभापतिले शेयरधनीहरुबाट आएको सुझावहरु प्रति आभार व्यक्त गर्दै यहाँहरुले हामीहरुको कमी कमजोरी औंल्याई दिनु भएको छ सोमा आवश्यक सुधारहरु गर्ने नै छौं भन्नुभयो । उहाँले प्रतिशेयर आम्दानी बढाउनु पर्ने भन्ने शेयरधनीहरुको भनाई भएपनि वोनस सेयर दिदै जाँदा प्रतिशेयर आम्दानी बढने अवस्था नरहने भन्दै बैंकको आईटी सेक्यूरिटी बलियो बनाउनु पर्ने शेयरधनीहरुको सुझावको प्रशंसा गर्नुभयो । साथै, उहाँले बैंकले आईटी सेक्यूरिटी बलियो बनाउन बैंक सदा प्रयत्नशिल रहेको जानकारी गराउनु भयो । उहाँले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत बैंकले निश्चित क्षेत्र तोकेर गरिब किसानहरुलाई स्वावलम्बी बनाउने तर्फ ध्यान दिंदै कृषि विज्ञ समेत राखेर उब्जनी बढाउन सिचाईको लागि समेत सहयोग गर्ने गरि कार्यक्रम संचालन गरि रहेको । यस्तो कार्यक्रम नेपालमा नै पहिलो पटक भएको जानकारी गराउनु भयो । काठमाडौ बाहिर साधारण सभा गरेको भन्ने शेयरधनीहरुको गुनासोको सम्बन्धमा जवाफ दिदै उहाँले काठमाडौमा हल नपाएर मात्र यहाँ ललितपुरमा गरेका हौं भन्नुभयो । सिनियर सिटिजन काउन्टरका सम्बन्धमा यस्तो काउन्टर केहि मुख्य शाखाहरुबाट शुरु गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो । साथै, उहाँले आश्विन मसान्त भित्र अडिट सिध्याएर भ्याएसम्म २०७४/०७५ को वार्षिक साधारण सभा कार्तिक महिना भित्र गरिने, ग्राहकलाई बढी चार्ज गरेर भन्दा अन्य क्षेत्रबाट बैंकले नाफा कमाउनु पर्दछ भन्ने बैंकको धारणा रहेको, बैंक "क" वर्गमा स्तरोन्नति भएको दश बर्ष मात्र भएता पनि उत्कृष्ट ५ बैंकभित्र पर्न सफल भएको भन्दै आगामी दिनमा बैंकलाई उत्कृष्ट ३ बैंकभित्र ल्याउन प्रयत्नशिल छौं भन्नुभयो ।

**संचालक समितिका अध्यक्ष तथा सभाका सभापतिको आज्ञाले प्रमुख कार्यकारी अधिकृत श्री सुनिल के.सि. ले शेयरधनीहरूबाट आएको जिज्ञासाहरूका सम्बन्धमा दिनु भएको जवाफ तथा आफ्नो मन्तव्य :**

उहाँले सबैलाई धन्यवाद दिदै शेयरधनीहरुबाट गहन सुझाबहरु आएको र यसलाई यस बर्ष र अर्को बर्षको योजनामा लैजाने भन्दै एफएमओको २० प्रतिशत शेयर होल्डिङ्ग पछि अन्तर्राष्ट्रिय समुदायमा हामी विश्वासिलो बैंकको रुपमा स्थापित भएका छौ । यसले गर्दा International Deal हरु हाम्रो बैंक मार्फत हुन थालेको छ । आईएफसिको कर्जा ल्याउने हामी नेपालमा नै पहिलो बैंक भएका छौं, अन्य संस्थाहरु संग पनि कर्जाहरु ल्याउन लागेका छौ, यसमा एफएमओको योगदान छ भन्नुभयो । साथै, उहाँले हामी नेपालका मुलधारको बैंक भन्दा फरक रुपमा Value Based Banking मा विश्वास गर्ने बैंक भएको र हाम्रा काम कारवाहीहरु पनि Value Based Banking मा आधारित रहेकाले अन्य बैंकसंग हामीलाई तुलना गरेर हेर्न नमिल्ने धारणा राख्दै बैंकले नाफा भन्दा समग्र देशको अर्थव्यस्थामा सहयोग पुग्ने गरि काम गरि रहेकाले आगामी ४/५ बर्षमा हामी नेपालको बैकिङ्ग सेक्टरलाई नै फरक ठाउँमा उभ्याउने गरि अगाडी बढ्दैछौ भन्नुभयो । साथै, उहाँले हामीसंग भएको रकमबाट रु. ४.५ अर्ब लाभांश वितरण गर्न सक्छौं तर हामी लाभाँश हरेक वर्ष Consistently वितरण गर्नुपर्छ भन्ने पक्षमा छौं भन्दै १०० अर्ब भन्दा बढीको बैंकको व्यालेन्स सिट रहेको, एनपिएल ०.८८ प्रतिशतमा झरिसकेको, बेस रेट पनि बिस्तारै घटदै गएको जानकारी शेयरधनीहरुलाई गराउनु भयो । उहाँले सुचना प्रविधिबाट हुन सक्ने जोखिम प्रति बैंक चनाखो रहेको यस्तो जोखिम नियन्त्रण गर्न बैंक सक्षम रहेको र यसमा खर्च गर्न संचालक समितिले व्यवस्थापनलाई पूर्ण सहयोग गरेको जानकारी समेत शेयरधनीहरुलाई गराउनु भयो । उहाँले Dormant Account का सम्बन्धमा उठेको प्रश्नमा बैंकमा १ बर्षसम्म पनि संचालन नभएको खाता मात्र Dormant हुने गरेको र यो व्यवस्था खातावालाको खातामा रहेको रकमको सुरक्षाका लागि गरिएको


NMB BANK LIMITED

हो भन्नुभयो । उहाँले मर्जर हुँदाका बखतका शेयरधनीहरुले पाउने कर छुटको सुबिधा उपर पुर्वादेश (Advance Ruling) का लागि आन्तरिक राजस्व बिभाग समक्ष निवेदन पेश गरिसकिएको ब्यहोरा जानकारी गराउँदै शेयरधनीहरुले हालसम्म पुऱ्याउँदै आउनु भएको सहयोग भबिष्यमा समेत यसरी नै बैंकलाई प्राप्त हुँदै गएमा हामी ठुलो बैंकको श्रेणीमा पुग्न थप टेवा मिल्ने धारणा राख्नुभयो ।

११. **सभाबाट पारित प्रस्तावहरू :**

साधारण सभामा पूर्व सूचित छलफलका विषयहरूमा छलफल गरी पारित गर्न सभापतिको आज्ञाले बैंकका कम्पनी सचिवले क्रमानुसार राख्नु भएको देहायका प्रस्तावहरू उपर सभाका शेयरधनीहरूले सर्वसम्मतिबाट देहाय बमोजिमको प्रस्तावहरू पारित गर्नुभयो ।

(क) **सामान्य प्रस्ताव :**

(१) बाईसौं वार्षिक साधारण सभाकोलागि सञ्चालक समितिको तर्फबाट सञ्चालक समितिका अध्यक्ष तथा सभाका सभापति श्री पवन कुमार गोल्याणले पेश गर्नु भएको सञ्चालक समितिको वार्षिक प्रतिवेदन आ.व. २०७३/७४ सभाबाट पारित गर्ने सर्वसम्मतिबाट निर्णय भयो ।

(२) एक्काईसौं बार्षिक साधारणसभाबाट नियुक्त लेखापरीक्षक श्री टि.आर. उपाध्या एण्ड कं. ले बैंकको आ.व.२०७३/७४ को आर्थिक कारोवारको लेखापरीक्षण गरी प्राप्त लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०७३/७४ को वासलात, नाफा-नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाहको विवरण तथा सहायक कम्पनीहरुको एकिकृत विवरण समेत पारित गर्ने सर्वसम्मतिबाट निर्णय भयो ।

(३) कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा ६३ अनुसार आ.ब. ०७४/०७५ को लागि बैंकको लेखापरीक्षण गर्न श्री एस ए आर एशोसिएट्स, चार्टड एकाउन्टेन्टलाई लेखापरीक्षकमा रू.९,९०,०००/- (मूल्य अभिबृद्धि कर बाहेक) र समुह कम्पनीहरुको एकीकृत वित्तीय विवरण प्रमाणित गर्न रु.३,३०,०००/- (मूल्य अभिबृद्धि कर बाहेक) पारिश्रमिक प्रदान गर्ने गरी नियुक्त गर्ने सर्वसम्मतिबाट निर्णय भयो ।

(४) सञ्चालक समितिबाट पारित भए बमोजिम वोनस शेयरको कर प्रयोजनका लागि चुक्ता पूँजीको ०.७८९५ (शुन्य दशमलब सात आठ नौ पांच प्रतिशत) का दरले हुन आउने रकम रु.६,००,२५,९७९/- नगद लाभांश वितरणको प्रस्ताव स्वीकृत गर्ने सर्वसम्मतिबाट निर्णय भयो ।

(ख) **विशेष प्रस्ताव :**

(१) बैंकको वर्तमान जारी पुँजी रु.७,६०,३२,९०,६३४।०६ (अक्षेरेपि रु. सात अरब साठ्ठी करोड बत्तीस लाख नब्बे हजार छ सय चौंतीस र पैसा छ मात्र) बाट बृद्धि गरी रु.८,७४,३७,८४,२२९।१७ (अक्षेरेपि रु. आठ अरब चौहत्तर करोड सैंतीस लाख चौरासी हजार दुई सय उनन्तीस र पैसा सत्र मात्र) पुऱ्याउन स्वीकृति प्रदान गर्ने सर्वसम्मतिबाट निर्णय भयो ।

(२) बैंकको जारी पुँजी बृद्धि गरिने भएकाले सो बराबर चुक्ता पुँजी पुऱ्याउन वर्तमान चुक्ता पुँजीको १५ प्रतिशतको दरले हुन आउने रकम रु.१,१४,०४,९३,५९५/- बराबरको वोनस शेयर जारी गर्न स्वीकृति प्रदान गर्दे वोनस शेयर जारी भए पश्चात बैंकको जारी पुँजी तथा चुक्ता पुँजी बृद्धि हुने भएकोले सोही बमोजिम बैंकको प्रवन्धपत्रको दफा ६ (ख र ग) संशोधन गर्ने सर्वसम्मतिबाट निर्णय भयो ।

NMB BANK LIMITED
एनएमबि बैंक लिमिटेड

(३) बैंकको प्रवन्धपत्रको दफा ५ को "कक" को ४ पछि ५ थप गरि "संगठित संस्थाको धितोपत्र सार्वजनिक निष्कासन हुँदाका बखत त्यस्तो धितोपत्र खरिद गर्न इच्छुक ग्राहकबाट दरखास्त संकलन लगायत सो सम्बन्धमा गर्नुपर्ने सम्पूर्ण कार्य गर्ने" भन्ने व्यवस्था गर्ने सर्वसम्मतिबाट निर्णय भयो ।

(४) बैंकको नियमावलीको नियम १३, २७ (उप नियम २), २९ र ३२ (उप नियम १ को ख १, ग र घ) मा देहाय बमोजिम संशोधन गर्ने सर्वसम्मतिबाट निर्णय भयो ।

- बैंकको नियमावलीको नियम १३ लाई देहाय बमोजिम संशोधन गर्ने :

  **शेयरको प्रमाणपत्र** : बैंकले भौतिक प्रमाणपत्र जारी गर्नु परेमा सोमा संचालक तथा कार्यकारी प्रमुख वा कम्पनी सचिव मध्ये कुनै एक गरी जम्मा दुई जनाको दस्तखत हुनेछ ।

- बैंकको नियमावलीको नियम २७ को उप नियम २ लाई देहाय बमोजिम संशोधन गर्ने :

  यस बैंकमा ७ जनाको संचालक समिति हुनेछ जसमा संस्थापक समूहबाट मनोनित/निर्वाचित ३ जना, सर्वसाधारण शेयरधनीहरुबाट निर्वाचित ३ जना र १ जना स्वतन्त्र सञ्चालक हुनेछन् ।

- बैंकको नियमावलीको नियम २९ लाई देहाय बमोजिम संशोधन गर्ने :

  **स्वतन्त्र संचालकको नियूक्ति, संख्या, कार्यकाल, योग्यता तथा नियूक्ति प्रकृया सम्बन्धी व्यवस्था** : (१) ऐनले व्यवस्था गरे बमोजिम स्वतन्त्र संचालक हुन योग्य भएको व्यक्ति मध्येबाट समितिले एक जना स्वतन्त्र संचालक नियुक्त गर्नेछ ।
  (२) निजको कार्यकाल नियमावलीमा उल्लेख भए बमोजिम बढीमा ४ बर्षको हुनेछ र निजको पुनः नियुक्त हुन सक्ने छैन ।
  (३) स्वतन्त्र संचालकको काम, कर्तव्य र अधिकार अन्य संचालक सरह हुनेछ ।

- बैंकको नियमावलीको नियम ३२ को उप नियम १ को ख (१), ग र घ) लाई देहाय बमोजिम संशोधन गर्ने :

  उप नियम १ को (ख) (१): संचालक समिति वा उप समिति वा वार्षिक साधारण सभाको बैठकमा बैंकको रजिष्ट्रर्ड कार्यालय रहेको जिल्ला वाहेक नेपालमा अन्यत्र रहेका संचालकहरु उपस्थित हुन आउँदा जाँदा भ्रमण गर्दा लाग्ने हवाई टिकट वा परिवहन खर्च र नियम ३२ को १ को खण्ड (ग) को उपखण्ड (अ) र (आ) बमोजिमको होटल तथा खाना खर्चमा नबढ्ने गरि बढीमा तीन दिनको वास्तविक खर्च अनुसार सोधभर्ना गरिनेछ । तर, बिदेशमा बसोबास गर्ने संचालकको हकमा वास्तबिक बिल बमोजिमको होटल तथा खाना खर्च सोधभर्ना गरिनेछ ।

  उप नियम १ को (ग): बैकको कामको सिलसिलामा संचालकले भ्रमण गर्दा प्राप्त गर्ने दैनिक तथा भ्रमण भत्ता देहाय बमोजिम हुनेछ:

  अ) होटेल खर्च वापतको सुविधा :

| पद | एरिया १ (अमेरिकी डलर) | एरिया २ (अमेरिकी डलर) | एरिया ३ (अमेरिकी डलर) | एरिया ४ (भा.रु.) | एरिया ५ (ने.रु.) |
|---|---|---|---|---|---|
| अध्यक्ष | ५०० | ४०० | ३५० | २०,००० | १२,००० |
| सञ्चालक | ४०० | ३५० | ३०० | १५,००० | १०,००० |

NMB BANK LIMITED
एनएमबि बैंक लिमिटेड

आ) खाना खर्च तथा दैनिक भ्रमण भत्ता वापतको सुविधा :

| पद | खर्च शिर्षक | एरिया १ (अमेरिकी डलर) | एरिया २ (अमेरिकी डलर) | एरिया ३ (अमेरिकी डलर) | एरिया ४ (भा.रु.) | एरिया ५ (ने.रु.) |
|---|---|---|---|---|---|---|
| अध्यक्ष | खाना खर्च | २०० | १५० | १२५ | ५,००० | ५,००० |
| | दैनिक भ्रमण भत्ता | १५० | १२५ | १०० | १,५०० | १,५०० |
| सञ्चालक | खाना खर्च | १७५ | १२५ | १०० | ४,००० | ४,००० |
| | दैनिक भ्रमण भत्ता | १५० | १२५ | १०० | १,५०० | १,५०० |

(इ) उपखण्ड (अ) र (आ) मा उल्लेख गरिएका रकम सीमामा नबढ्ने गरि होटेल तथा खाना खर्च बिल अनुसार र उल्लेख नगरिएका अन्य खर्चहरु (जस्तै: भ्रमण गर्दा लाग्ने हवाई टिकट, पासपोर्ट, भिसा खर्च, सम्पर्क र परिवहन, आदि) वास्तविक खर्च अनुसार सोधभर्ना गरिनेछ । दैनिक भ्रमण भत्ता उल्लेख भए बमोजिम उपलब्ध गराईनेछ ।

**नोट** : उपखण्ड (अ) र (आ) मा उल्लेखित एरिया अनुसार देशहरुको विवरण निम्नानुसार रहनेछ :-

एरिया १ - अमेरिका, युरोप, जापान, अष्ट्रेलिया, न्यूजिलाण्ड
एरिया २ - एरिया ३ र एरिया १ अन्तरगत उल्लेख नगरिएका राष्ट्रहरु
एरिया ३ - नेपाल र भारत बाहेकका सार्क राष्ट्रहरु
एरिया ४ - भारत
एरिया ५ - नेपाल

उप नियम १ को (घ): उप नियम १(घ) मा संशोधन गर्ने प्रस्ताव शेयरधनीहरुबाट आगामी साधारण सभामा पेश गर्नका लागि भएको अनुरोध बमोजिम आगामी साधारण सभामा पेश गर्ने निर्णय भयो ।

(५) अन्य बैंक तथा वित्तीय संस्थालाई प्राप्ति (एक्विजिसन) गर्न तथा अन्य बैंक तथा वित्तीय संस्थाहरुसंग मर्जर प्रकृया अगाडि बढाउने अख्तियारी संचालक समितिलाई प्रदान गर्ने प्रस्ताव पारित गर्ने निर्णय गरियो । साथै, सोका लागि सम्पत्ति तथा दायित्वको मुल्यांकन गर्नका लागि मुल्यांकनकर्ता नियूक्त गर्ने, स्वाप रेसियो निर्धारण गर्ने, सोका लागि बैंकको प्रबन्धपत्र तथा नियमावलीमा कुनै संशोधन आवश्यक भएमा सो गरि सोको अभिलेख गराउने लगायत सम्पूर्ण कार्यगर्ने अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने सर्वसम्मतिबाट निर्णय भयो ।

(६) बैंकको प्रबन्धपत्र तथा नियमावलीमा भएको संशोधनको स्वीकृति लिंदा वा अभिलेख गर्दा गराउंदा केही सामान्य हेरफेर गर्न, संशोधन सम्बन्धी कागजात प्रमाणित गर्न, दाखिला गर्न र अभिलेख गराई लिन तथा प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन तथा नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन बमोजिम बैंकको प्रवन्धपत्र तथा नियमावलीमा भाषागत तथा अन्य सुधार गरि नेपाल राष्ट्र बैंक समक्ष स्वीकृतिको लागि पेश गर्ने तथा कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख गराउने लगायतका कार्यहरु गर्नका लागि समेत सञ्चालक समितिलाई अख्तियारी दिने सर्वसम्मतिबाट निर्णय भयो ।

(ग) **विविध:** विविध तर्फ छलफलको विषय नभएको ।

**१२. <u>धन्यवाद ज्ञापन :</u>**

आजको साधारण सभा सौहाद्रपूर्ण वातावरणमा शान्तिपूर्वक सम्पन्न भएकाले उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरू, संचालक समितिका सदस्यहरु, बिभिन्न संघ संस्थाका प्रतिनिधिहरु, पर्यवेक्षक, बैंकका कर्मचारी, पत्रकार लगायत अन्य उपस्थित सम्पुर्ण महानुभावहरूलाई समेत यस बैंकको २२औं वार्षिक साधारण सभा सफलतापूर्वक सम्पन्न गर्न सहयोग गर्नुभएकोमा सभाका सभापतिले हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो ।

**१३. <u>सभा विसर्जन :</u>**

बाईसौं वार्षिक साधारण सभामा समावेश गरिएका विषयसूची अन्तर्गतका सम्पूर्ण विषयहरू समाप्त भएको व्यहोरा प्राप्त भएपछि सम्पूर्ण उपस्थित महानुभावहरुलाई सभा सम्पन्न भएकोमा बधाई ज्ञापन गर्दै बैंकका सञ्चालक समतिका अध्यक्ष तथा यस साधारण सभाका सभापति श्री पवन कुमार गोल्याणले साँझ ६ बजे सभा समापन भएको घोषणा गर्नुभयो ।

द. ----------------
प्रमोद कुमार दाहाल
कम्पनी सचिव

NMB BANK LIMITED
एनएमबि बैंक लिमिटेड

द. --------------
पवन कुमार गोल्याण
अध्यक्ष